बनेपा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बनेपा, काभ्रेपलाञ्चोक

बागमती प्रदेश, नेपाल

पत्र संख्याः

चलानी नं.

मितिः२०८३।०७।११

उच्च सतर्कताका लागि अनुरोध



बंगालको खाडीमा रहेको **'अर्नब'** चक्रवातको प्रभावका कारण **कार्तिक १२ गते, कार्तिक १३ गते र कार्तिक १४ गते** सबैजसो प्रदेश प्रभावित हुने पूर्वानुमान छ। उक्त चक्रवातका कारण चटयाङ र **हावाहुरीसहित** भारी वर्षा, उच्च पहाडी र हिमाली क्षेत्रहरुमा भारी **हिमपात, हिमआँधी** तथा **हिमपहिरो**को उच्च जोखिम छ।

- धानबाली काट्ने, भित्र्याउने लगायतका कृषि कार्य **कार्तिक १२ गते, बिहीबार अगाडि नै** गर्ने, गराउने।
- **पर्यटकहरु उच्च पहाडी र हिमाली क्षेत्रमा** नजाने, गइसकेको भए उक्त अवधिभर सुरक्षित ठाउँमा रहने।
- [redacted]
- सडक तथा हवाई यातायात लगायत दैनिक जनजीवन प्रभावित हुनसक्ने भएकोले आवश्यक **सतर्कता** अपनाउने। सो अवधिभर **अत्यावश्यक नपरी यात्रा नगर्ने,** नगराउने।
- [redacted]
- **जिल्ला सुरक्षा समिति,** स्थानीय तह, सुरक्षा निकाय, स्वयंसेवकलगायतले पूर्वसूचना/चेतावनी अनुसार जोखिमयुक्त स्थानमा बसोबास गर्ने व्यक्ति, घरपरिवारलाई विपद् प्रतिकार्य गर्नुपूर्व नै **सुरक्षित स्थानमा स्थानान्तरण** गर्ने, गराउने।
- यस प्राधिकरण, **नेपाल मौसम विज्ञान विभाग** लगायतका सम्बन्धित आधिकारिक निकायबाट जारी हुने अद्यावधिक पूर्वानुमान/पूर्वसूचना/**चेतावनी** पालना गर्ने, गराउने।

मौसमसम्बन्धी जानकारीका लागि १९५५,
विपद्मा मद्दत माग्न १२३४ वा १०० वा १११४ मा सम्पर्क गर्ने।

सतर्क रहौं सुरक्षित रहौं

फोन नं. प्रमुख ०११-६६२०८१, एक्सचेन्ज ०११-६६१२८१, कार्यालय ०११-६६१४०७, पो.ब.नं. ५०८, Email:banepamun@gmail.com, info@banepamun.gov.np